LISP
Local Infrastructure Support Programme

अंक #१

# न्यूजलेटर

**नोभेम्बर र डिसेम्बर २०२५**

## हाम्रो पहिलो संस्करणमा स्वागत छ

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) अन्तर्गत भएका गतिविधिहरु, आफ्ना कथा-अनुभवहरु तथा अन्तरदृष्टिहरु समेत हामी यो पहिलो संस्करणमा उत्साहका साथ प्रकाशित गर्दैछौँ । यस न्यूजलेटरमार्फत कार्यक्रमले आफ्ना सरोकारवाला र पाठकलाई सूचित र एकीकृत राख्ने लक्ष्य समेत बोकेको छ।

स्थानीय तह र प्रादेशिक सरकारलाई नागरिकको स्थानीय पूर्वाधार सम्बन्धी अपेक्षाहरु प्रभावकारी ढंगले आत्मसाथ गर्न सक्षम बनाउने तथा तिनको वैधानिकता र उत्तरदायित्व बढाउने तर्फ पनि स्थानीय पूर्वाधार सहयोग कार्यक्रम आफ्नो उद्देश्यमा दृढ रहेको छ। कार्यक्रमले महिला र सीमान्तकृत समुदायहरूलाई सशक्त बनाउने, वातावरण मैत्री रोजगारी सिर्जना गर्ने, स्थानीय अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने, र सबै स्थानीय पूर्वाधार परियोजनामा जलवायु अनुकुलता निर्माण गर्ने कार्यमा पनि जोड दिएको छ।

LISP लाई बेलायत सरकारद्धारा वित्तपोषित गरिएको हो र नेपाल सरकारद्धारा कार्यान्वयन गरिएको हो, DT Global UK International Pvt Ltd को प्राविधिक सहयोगमा, CARE Nepal को साझेदारीमा।

## यस अंकमा


- **क्षमता विकास प्रमाणीकरण कार्यशाला- पृष्ठ २**
- **सार्वजनिक खरिद र सार्वजनिक वित्तीय व्यवस्थापन (PPFM) मा पारदर्शिता- पृष्ठ ३**
- **कालिगण्डकी गाउँपालिका अध्यक्ष र उपाध्यक्षसँग अन्तर्वार्ता पृष्ठ ४**
- **DT Global Nepal को क्रिसमस उत्सव- पृष्ठ ५**




**बस्ति स्तर योजना तर्जुमा महिलाहरुको सहभागिता**

# ३५ स्थानीय सरकारहरूमा क्षमता विकास प्रमाणीकरण कार्यशाला सम्पन्न

नोभेम्बर २०२५ मा, LISP ले कर्णाली र लुम्बिनी प्रदेशमा ३५ स्थानीय तहमा क्षमता विकास प्रमाणीकरण कार्यशालाहरू आयोजना गर्यो, जसको उद्देश्य मूल्यांकनका निष्कर्षहरू समीक्षा गर्नु, सुधार उन्मुख कमी-कमजोरीहरुको पहिचान गर्नु, सु-शासन सुदृढ पार्न तथा सेवा प्रवाह सुधार गर्न कार्यान्वयनयोग्य कदमहरूमा सहमति जनाउनु रहेको थियो। कार्यक्रम अन्तर्गत कर्णालीमा २० र लुम्बिनीमा १५ कार्यशालाहरू सम्पन्न भए, जसमा ५०० भन्दा बढी व्यक्तिहरुको सहभागीता रहेको थियो, जसमा पालिकाको मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत, कार्यकारी समिति सदस्यहरू, र प्रत्येक स्थानीय सरकारका विषयगत शाखा प्रमुखहरू समावेश थिए। महिलाको सहभागिता विभिन्न कार्यशालामा १४ देखि ४१ प्रतिशतसम्म थियो, यसले स्थानीय सु-शासनमा समावेशिताप्रति बढ्दो प्रतिबद्धता देखाउँछ।

क्षमता मूल्यांकनका मुख्य निष्कर्षहरू दृष्टिगत गर्दा स्थानीय सरकारले सामान्यतया नियमित सभा र कार्यकारी बैठकहरू आयोजना गर्छन् र समावेशी निर्णय प्रक्रियाहरू अपनाउँछन्, तर असहमतिको अभिलेखन र दस्तावेजीकरण भने अनिश्चित जस्तो देखिन्छ। क्षमता विकास योजनाहरू भए पनि प्राय: पुराना वा कमजोर रूपमा कार्यान्वयन भएका छन्, र निर्वाचित प्रतिनिधि तथा कर्मचारीका नियमित रुपमा तालिम भएको छैन। प्राविधिक, वातावरणीय, र प्रशासनिक क्षेत्रमा दक्ष मानव संसाधन अपर्याप्त छन्। सार्वजनिक उत्तरदायित्वका उपकरणहरू जस्तै सुनुवाइ र लेखापरीक्षण प्रयोगमा छन् तर अझ सुदृढ पार्न आवश्यक छ। पूर्वाधार योजना निर्देशिका अनुसार भए पनि बजेटको अभाव, भौगोलिक दुर्गमता, र सीमित प्राविधिक क्षमताका कारण चुनौतीहरू यथावत कायमै छन्। वातावरणीय र सामाजिक समावेशिताका नीतिहरू लागू भएका छन् तर कार्यान्वयन र सचेतना बढाउन आवश्यक छ।

सत्रहरूमा क्षमता विकासका विज्ञहरूले निष्कर्षहरू प्रस्तुत गर्दै छलफलहरू सहज बनाउनु भयो, र प्राथमिक कार्यहरूमा पनि सहमति निर्माण गर्नुभयो। प्रत्येक स्थानीय सरकारले आन्तरिक नियन्त्रण प्रणाली सुधार, गुनासो व्यवस्थापन, वित्तीय उत्तरदायित्व, र लैंगिक समानता तथा सामाजिक समावेश सिद्धान्तलाई मुख्यधारमा ल्याउने उद्देश्यले १० देखि १५ कार्ययोजनाहरु अनुमोदन गरेका छन्।



**भेरीगंगा नगरपालिकामा क्षमता विकास (CD) प्रमाणीकरण कार्यशाला**

यी सत्रहरूले मध्यमकालीन व्यय संरचना अद्यावधिक, परियोजना बैंक सञ्चालन, र न्यायिक समितिको कार्यक्षमता वृद्धि गर्न विशेष जोड दिएका छन्। धेरै नगरपालिकाहरूले सूचना तथा सञ्चार प्रविधि पूर्वाधार उन्नयन, पारदर्शिता र कार्यक्षमता बढाउन विधुतीय सु-शासनका उपकरण अपनाउने, र स्थानीय विकास रणनीतिमा विपद् तयारी तथा जलवायु अनुकुलता एकीकृत गर्ने कार्यका लागि चुनौतीहरु प्रति उत्तरदायी र सामना गर्न समेत प्रशासनिक सुधार र दिगोपनका लागि प्रतिबद्धता जनाएको देखिन्छ।

स्थानीय सरकारहरूले प्राविधिक तथा वित्तीय सहयोग, नियमित अनुगमन, र डाटा (सूचना) व्यवस्थापनमा विशेषज्ञ संलग्नताको आवश्यकता जोड दिए। पछिल्ला बैठकहरूले सहमत कार्यहरूको समयसीमा, जिम्मेवारी, र स्रोत वितरणलाई निश्चित गर्न सघाउ पुर्याउने छ । स्थानीय सरकारहरूले नेतृत्व लिने र LISP ले सहयोग गर्ने भएकाले यी पहलहरूले सु-शासन सुदृढीकरण, पारदर्शिता र समावेशिता प्रवर्द्धन, तथा सेवा वितरणमा लुम्बिनी र कर्णाली प्रदेशमा समेत उधारतर्फ अपेक्षित पहल गर्नेछ।

# सार्वजनिक खरिद र सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी प्राविधिक कार्यशाला

LISP ले कर्णाली (२५) र लुम्बिनी प्रदेश (२५) वटा गरी कुल ५० स्थानीय सरकार (LG) का लागि सार्वजनिक खरिद र सार्वजनिक वित्त व्यवस्थापन (PPFM) सम्बन्धी दुई उच्चस्तरीय प्राविधिक कार्यशाला नोभेम्बर २०२५ मा सफलतापूर्वक आयोजना भयो। यस कार्यशालाको उद्देश्य सार्वजनिक खरीद कार्यान्वयनका चुनौतीहरूको निकास निकाल्नु, सु-शासन प्रणालीलाई सुदृढ पार्नु, र जलवायु-अनुकुल, समावेशी पूर्वाधार परियोजनाहरू समयमै र पारदर्शी रूपमा कार्यान्वयन सुनिश्चित गर्नु थियो।

कार्यशाला सुर्खेतमा १७–१८ नोभेम्बरमा र नेपालगञ्ज २०–२१ नोभेम्बरमा आयोजना गरिएको थियो। कार्यशालामा कुल २६९ जनाको सहभागीता रहेको थियो। उक्त कार्यशालामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (MoFAGA), प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय (OCMCM), बेलायती दूतावास काठमाडौं (BEK), (IVQA), र स्थानीय सरकारका नेतृत्व प्रतिनिधिहरू थिए। छलफलहरू गत आर्थिक वर्षको प्रगति र सिकाइ समीक्षा, खरिद तथा वित्तीय व्यवस्थापन नीतिहरू स्पष्ट पार्ने, र चालु वर्षको वित्तीय सहायता बजेटको समयमै र प्रभावकारी उपयोगका रणनीति विकासमा केन्द्रित रहेको थियो।

मुख्य सत्रहरूमा खरिद ढाँचा, ठेक्का व्यवस्थापन, SUTRA-आधारित वित्तीय अनुशासन, र डिजाइन तथा बजेटिङमा लैंगिक र सामाजिक समावेश (GEDSI) तथा जलवायु अनुकुलन (CR) को एकीकरण समावेश थियो। सिकाइ प्यानलहरूले प्रणालीगत सुधार, सञ्चालनका द्विविधा, र दिगोपनका जटिलताहरुमा स्पष्ट दृष्टिकोण प्रदान गरे, जबकि IVQA का निष्कर्षहरूले प्राविधिक डिजाइन, सुरक्षा, र साइट सुरक्षा सम्बन्धी कमी-कमजोरीहरूलाई उजागर गरे। कार्यशालाले कार्यान्वयनयोग्य सुझावहरुमा छलफल गर्नुका साथै: वार्षिक खरिद योजनाको कार्यान्वयन, दस्तावेजीकरण प्रणाली संस्थागत बनाउने, उपभोक्ता समितिको क्षमता सुदृढ पार्ने, र O&M प्रयोजनका लागि आवश्यक बजेट व्यवस्थापनका लागि लागि समेत जोड दिएको थियो। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नीतिगत पक्षलाई अझ स्पष्ट गर्दै लैजाने प्रतिबद्धता जनाएको थियो भने बेलायती दूतावास काठमाडौंले विश्वव्यापी वित्तीय सहायता घट्दासमेत प्राविधिक सहयोग भने जारी राख्ने आश्वासन दियो।

गुणस्तर र मापदण्ड कायम राख्दै सुधारिएको अभ्यास अन्तर्गत शत प्रतिशत बजेटको उपयोग गर्ने बारे कार्यशालामा सहभागीहरुले आफ्नो प्रतिबद्धता व्यक्त गरे। LISP को प्राविधिक सहयोग अन्तर्गत खरिद प्रक्रियाका लागि आवश्यक ढाँचाँ, चेकलिस्टहरु उपलब्ध गराउनुका साथै खरीदका जटिल मामिलाहरुलाई समाधान गर्न आवश्यक प्राविधिक सहयोग समेत उपलब्ध गराउने छ। उक्त पालिका सिकाईको सत्रबाट उपभोक्ता समितिको व्यवस्थापन र असल अभ्यासहरूको अभिलेखांकन र दस्तावेजीकरणमा समेत निरन्तर प्रबर्धनमा सहयोग पुगेको छ।

प्रस्तुत कार्यशालाले स्थानीय पूर्वाधार सहयोग कार्यक्रमबाट सुशासन, पारदर्शिता र स्थानीय क्षमता अभिवृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुरामा केन्द्रित रहेको प्रष्ट परेको छ भने सहमत कार्यबिन्दुहरूमा सामान्य खरिद प्रक्रियाका लागि चेकलिस्ट विकास र वितरण, र खरिद बिक्रि सम्बन्धी बारम्बार सोधिने प्रश्न र उत्तरहरूको संगालो FAQ Booklet को तयारी र वितरण गरि रहेको छ। जसले कार्यान्वयनलाई तीव्र बनाउनेछ र LISP समर्थित पूर्वाधारलाई समावेशी, जलवायु-अनुकुलन, र उत्तरदायी बनाउने सुनिश्चित गर्नेछ।



**सुर्खेतमा आयोजित सार्वजनिक खरिद र सार्वजनिक वित्तीय व्यवस्थापन कार्यशाला**

# कालिगण्डकीका नेतृत्वहरू: LISP को प्रभाव र उपभोक्ता समिति (UC) नेतृत्वको मोडेल

**"उपभोक्ता समितिबाट भएको कामको गुणस्तर ठेकेदारको जस्तै उत्कृष्ट छ – गुणस्तरमा कुनै सम्झौता छैन", कालीगण्डकी गाउँपालिकाका अध्यक्ष श्री बेदबहादुर थापा भन्नुहुन्छ।**

कालिगण्डकी गाउँपालिकामा, स्थानीय पूर्वाधार विकास कार्यक्रमको प्राविधिक सहयोग (TA) अन्तर्गत उपभोक्ता समितिहरू (UC) द्वारा कार्यान्वयन गरिएका परियोजनाहरूले प्रमाणित गरे कि समुदाय-नेतृत्वले समेत निर्माण व्यवसायीहरुले सम्पन्न गरेको परियोजना समान गुणस्तर सिर्जना गर्न सक्दछन्। गाउँपालिकाका अध्यक्ष बेद बहादुर थापा र उपाध्यक्ष मञ्जु कुमारी डाल्लामीले LISP ले UC लाई नगरपालिका मापदण्डअनुसार टिकाउ र उच्च गुणस्तरको परिणाम दिन सक्ने गरी सक्षम बनाएको उल्लेख गरे।

LISP को भूमिकाले देखाएका उपलब्धिहरू: बाढी नियन्त्रण संरचनाले वरपरको जमिनलाई सुरक्षित बनाएको छ, जीविकोपार्जन कार्यक्रममार्फत २८२ व्यक्तिले प्रति व्यक्ति १ लाख रुपैयाँभन्दा बढी आम्दानी गर्न सक्षम भएको, सिंचाइ परियोजनाले हाल ३६ हेक्टर जमिनलाई लाभ पुर्‍याएको छ। उपभोक्ता समितिहरूले पनि निर्माण व्यवसायीहरुले गर्ने कार्यको बराबरीमा नै कार्य सम्पादन गर्ने सक्छ भन्ने कुराको पुष्टि गरेको छ, जसले समावेशी र दिगो विकासको लागि एक गुणनात्मक मोडेल सिर्जना गरेको छ।

LISP TA को प्राविधिक सहायता प्रदायकको टीमले स्थानीय नेतृत्वको दृष्टिकोण बुझ्न श्री थापा र श्रीमती डाल्लामीसंग कसरी स्थानीय पूर्वाधार विकास कार्यक्रमको (प्राविधिक सहयोग) को सहायताले विकासलाई गति दिन र गुणस्तर कायम गर्ने विषयमा समेत संवाद केन्द्रित रहेको थियो। संवाद निम्न विषयमा बढी केन्द्रित रहेको थियो :

**प्रश्न: LISP को सहयोगले कालिगण्डकीमा UC को क्षमता कसरी बढायो?**

**थापा**: मुख्यतया, LISP TA ले हामीलाई मापदण्ड, दिशानिर्देश र नियमावली स्थापना गर्न मद्दत गर्यो। जब हामी जनप्रतिनिधिको भूमिकामा आयौं, हामीसँग यी मापदण्डबारे न्यून प्राविधिक ज्ञान थियो। LISP आएपछि हामीले स्पष्ट बुझ्ने मौका पायौँ र उपभोक्ता समिति गठनलाई प्रोत्साहन गर्यौं। साथै, कार्यक्रमले UC मोडेललाई संशोधन गरेर श्रमिकलाई आर्थिक रुपमा सशक्त बनाउन समेत यस कार्यक्रमले मद्धत पुर्यायो, जसले कालिगण्डकी ग्रामिण पालिकालाई उपभोक्ता समितिको मोडेल अपनाउन प्रेरित गर्यो।

**डाल्लामी**: हामीले उपभोक्ता समितिलाई क्षमता-विकास तालिम प्रदान गर्यौं, जसले उनीहरूको क्षमतामा उल्लेखनीय वृद्धि गर्यो। उपभोक्ता समितिको मोडेलले पुरुष र महिलाले बराबरी योगदान दिने वातावरण पनि यसले सिर्जना गरेको पाईयो।



**श्री बेदबहादुर थापा, अध्यक्ष, कालीगण्डकी गाउँपालिका**



**श्रीमती मञ्जु कुमारी दरलामी, उपाध्यक्ष, कालीगण्डकी गाउँपालिका**

**प्रश्न: LISP को संलग्नताले सफल परिणाम ल्याएको उदाहरण दिन सक्नुहुन्छ?**

**थापा**: निश्चित रूपमा। LISP ले परियोजनाको गुणस्तर सुनिश्चित गर्न मद्दत गर्यो। उदाहरणका लागि, गाउँपालिकाले LISP द्वारा प्रवर्तित सिंचाइ योजना कार्यान्वयन भएको छ। यस योजनाले ४-५ सय रोपनी बाँझो जमिनमा समेत सिंचाइ पुर्‍यायो, उत्पादन र खेती बढायो, र खेतमा पर्याप्त पानी आपूर्ति हुने सुनिश्चित समेत गर्यो।

**डाल्लामी**: हो। पहिले पानी अपर्याप्त हुदाँ स्थानीय बासिन्दाहरूले विरोध गर्थे। अहिले पानी पर्याप्त मात्रामा उपलब्ध भएको छ जुन श्रोत क्षमता संग तादाम्यता मिलेको छ यसबाट नहरको प्रयोग गर्ने सबै स्थानीय बासिन्दाहरु अत्यन्त सन्तुष्ट भएका छन्।

**प्रश्न: LISP को अनुगमन र मार्गदर्शन दृष्टिकोणले उपभोक्ता समितिको नेतृत्व परियोजनाको गुणस्तरमा कसरी प्रभाव पार्यो?**

**थापा**: सुरुमा हामीसँग प्राविधिक विशेषज्ञताको पर्याप्त ज्ञान थिएन तर LISP को कार्यक्रम आएपछी यसले एउटा दिशानिर्देश गरेको छ। यसबाट उपभोक्ता समितिको उपयोग बारे पनि थप जानकारी मिलेको छ। उपभोक्ता समितिलाई दिइएको निर्माण सम्बन्धित क्षमता विकास तालिम अत्यन्त उपयोगी देखिएको छ। यसलाई भविष्यमा पनि जारी राख्ने अठोट गरेका छौं। यस तालिमले उपभोक्ता समितिलाई उच्च गुणस्तरको, दिगो पूर्वाधार विकास गर्न सक्षम बनाएको छ।

**डाल्लामी**: म थापाजीसँग सहमत छु। उपभोक्ता समितिलाई तालिम दिनुका अतिरिक्त, हामी नियमित रूपमा परियोजना स्थलमा गएर निर्माण प्रगति र गुणस्तर मूल्यांकन पनि गर्छौं। अनुगमन र मूल्यांकन प्रत्येक परियोजनाको सुरुदेखि नै समावेश हुन्छ।

**प्रश्न: LISP को सहयोगले समुदाय/गाउँपालिकाको UC-नेतृत्व विकासमा आत्मविश्वासमा कसरी प्रभाव परेको छ?**

**थापा**: यो मोडेलले प्रत्येक्ष रोजगारी सिर्जना गर्छ, र सम्पन्न भएका परियोजनाले खेती र उत्पादन बढाउँछ, जसले बाली आयातको आवश्यकता घटाउँछ। उपभोक्ता समितिद्वारा निर्माण सम्पन्न गरिएका परियोजनाहरू दिगो र उच्च गुणस्तरका छन्; र यसको दिगोपनमा हामी विश्वस्त छौँ।

**डाल्नामी**: स्थानीयले यी योजनाबाट रोजगारी प्राप्त गरे र प्रत्यक्ष लाभ उठाए। धेरै जसो उपभोक्ता समितिका श्रमिकले आफ्ना खेतका लागि नहर प्रयोग गर्दछन्, आर्थिकरुपमा सबल भएका छन् र सिंचाइबाट लाभ उठाएका छन्। पहिले बासिन्दाहरू पानीका लागि झगडा गर्दथे; अहिले उनीहरू बीच राम्रो मेलमिलाप देखिन्छ। कामदारहरुले काम गरे बापत भुक्तानी समेत कामदारको बैंक खातामा नै सिधै प्राप्त हुने व्यवस्थाले पनि उनीहरुमा अझ बढी सन्तुष्टि थपेको देखिन्छ।

**प्रश्न: LISP ले उपभोक्ता समिति अन्तर्गत जीविकोपार्जनका क्रियाकलापले व्यक्तिहरूलाई उल्लेखनीय आम्दानी प्रदान गर्ने भूमिका खेलेको थियो?**

**थापा:** पहिले भुक्तानी उपभोक्ता समिति मार्फत मात्र कामदारहरुले आफ्नो पारिश्रमिक भुक्तानी पाउने व्यवस्था थियो तर LISP को सहयोगपछी श्रमिकले सीधा आफ्नो बैंक खातामा भुक्तानी पाउँछन्, यसले पारदर्शिता र निष्पक्षता सुनिश्चितता अझ बठाएको छ।

**प्रश्न: आगामी दिनमा, LISP को मोडेलले कालिगण्डकी गाउँपालिकामा दिगो ग्रामीण विकासमा कसरी योगदान पुर्‍याउने देख्नुहुन्छ?**

**थापा**: हामी चाहन्छौं कि कार्यक्रम गाउँपालिकामा निरन्तर रहोस्। दिगोपन र समुदायिक लाभ सुनिश्चित होस्। हामी आशा गर्छौं कि डि.टी ग्लोबलले स्थानीय पूर्वाधार विकास कार्यक्रम मार्फत हामीलाई साथ-समर्थन जारी राख्नेछ। उत्पादन बढेसँगै कृषकहरूले कालिगण्डकी ब्रान्डका रूपमा बाली बेच्न सुरु गरी सकेका छन्। LISP कार्यक्रम समाप्त भएको खण्डमा पनि हामी यस मोडेललाई कायम राख्नेछौं।

**डाल्नामी**: म पनि थापाजीको भनाई संग पूर्ण रुपमा सहमत छु। यस कार्यक्रम अन्तर्गत उपभोक्ता समितिहरू उत्साहपूर्वक काम गर्छन्, र हामी भविष्यका परियोजनाहरुमा पनि LISP ले कार्यान्वयन गरेको सुधारिएको मोडललाई निरन्तरता दिनेछौं।

# डीटी ग्लोबल नेपालमा क्रिसमसको उत्साह, उत्सव र उमङ्ग

११ डिसेम्बर २०२५ मा, डीटी ग्लोबल र LISP टिमले उत्साह, उमङ्ग र सिर्जनशीलताले भरिएको क्रिसमस र ह्यापी आवरको जमघट गर्दै चाडपर्वको मौसम मनाएका छन् – जसले मित्रताको हर्ष र उत्सवलाई पूर्ण रूपमा समेट्यो।

उत्सवको सुरुवात रमाइलो पिक्शनरी खेलबाट भयो, जहाँ टीमका सबै सदस्यहरूले शब्द र वाक्यांशहरूको कलात्मक र हास्यास्पद व्याख्या प्रस्तुत गरे। खेलले मैत्रीपूर्ण प्रतिस्पर्धा, हाँसो ल्यायो र सबैजनालाई सरल गतिविधिहरूमा रमाउन सम्झायो।

सबैजनाको स्वादलाई ध्यानमा राखी तयार गरिएको स्वादिष्ट भोजन पनि आनन्दपूर्वक खाईयो। यो जमघटले केही समय थामेर LISP र डीटी ग्लोबलमा दैनिक गरिने कडा परिश्रम र समर्पणलाई सराहना गर्ने अद्भुत अवसर प्रदान गर्‍यो, जसले २०२५ लाई सफल वर्षको रुपमा यादगार बनायो। यसले सबैजना बीचको सम्बन्धलाई बलियो र स-साना क्षणहरुलाई महत्त्वपूर्ण बनाउन मद्धत पुर्यायो।



**DT Global Nepal मा आयोजित क्रिसमस तथा हैपी आवर कार्यक्रम**

DT Global